## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## साँफेबगर नगरपालिका

### अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## साँफेबगर नगरपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## साँफेबगर नगरपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४९७,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
साफेबगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले साँफेबगर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२ लेखापरीक्षणबाट रू. ३ करोड ९८ लाख ४१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१० लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १६ लाख २४ हजार, नियमित गर्नुपर्ने रु ६१ लाख २१ हजार र पेश्की रू. १० लाख ७६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २४ करोड ७६ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु २८ करोड ७५ लाख २४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन । हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

साँफेबगर नगरपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | |
| ३४ | १४ | ३९८४१ | ० | ० | ० | ३४ | १४ | ३९८४१ | १०२० | ६१२१ | ३१६२४ | ० | ० | ३७७४५ | १०७६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| साफेबगर नगरपालिका अछाम | २४७६८३ | ० | ० | २४७६८३ | ० | ३९८४१ | २८७५२४ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : साँफेबगर नगरपालिका, अछाम , साँफेबगर नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी प्रसाद शर्मा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Sudipraj Basnet | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,८४१,८३२.३१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,५१,३८,५५०.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७२,८३,३०,७९९ | **चालु खर्च** | ५१,५८,२७,३३०.९४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७३,४९,००० | **पूँजीगत खर्च** | १५,१०,३६,३७१ |
| **राजश्व बाँडफाँट** | ७,५१,०९,६२१.८४ | **वित्तीय/अन्य व्यवस्था** | १५,९७,९३,२०० |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | ९१,७५,१११.७ | | |
| **अन्य आय** | ६०,८३,३३८ | | |
| **कुल आय** | ८३,६०,४७,८७०.५४ | **कुल खर्च** | ८२,६६,५६,९०१.९४ |
| **बाँकी मौज्दात** | | ६,४५,२९,५१९.१९ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, १६६.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४९५३ जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वितीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचितकोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ । | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | **वित्तीय प्रतिवेदन** | | | |
| आ.व. ₹ २०७८/७९ अवधि : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | |
| प्रासी भुक्तानी हिसाव | | | | | | | |
| विवरण | टिप्प | यसवर्ष रु. | | | गतवर्षरु. | | |

| | णी | बजेट | आफैलेगरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रासी (क+ख) | | ७३,१२,३८,१२७ | ६७,२४,४४,९२०.१२ | | ६७,२४,४४,९२०.१२ | ६९,६८,७२,७८१.३५ | | ६९,६८,७२,७८१.३५ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ७२,२८,३८,००० | ६६,६३,६१,४५५.१२ | ० | ६६,६३,६१,४५५.१२ | ६७,४१,९६,७८१.३५ | ० | ६७,४१,९६,७८१.३५ |
| ११००० कर | ११ | ९,९८,९२,००० | ७,१०,२४,०९३.१२ | ० | ७,१०,२४,०९३.१२ | ८,५९,६४,११२.२३ | ० | ८,५९,६४,११२.२३ |
| १३००० अनुदान | | ५९,९९,८६,००० | ५८,८१,९६,२५० | ० | ५८,८१,९६,२५० | ५७,९१,९३,७४० | ० | ५७,९१,९३,७४० |
| संघीय सरकार | १२ | ५८,२६,३७,००० | ५७,०८,४७,२५० | ० | ५७,०८,४७,२५० | ५२,६०,५२,७७१ | ० | ५२,६०,५२,७७१ |
| प्रदेश सरकार | १२ | १,७३,४९,००० | १,७३,४९,००० | ० | १,७३,४९,००० | ५,३१,४०,९६९ | ० | ५,३१,४०,९६९ |
| १४००० अन्य राजस्व | | २,२९,६०,००० | ७१,४१,११२ | ० | ७१,४१,११२ | ९०,३८,९२९.१२ | ० | ९०,३८,९२९.१२ |
| ख. अन्य प्रासि | | ८४,००,१२७ | ६०,८३,४६५ | | ६०,८३,४६५ | २,२६,७६,००० | | २,२६,७६,००० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ८४,००,१२७ | ४०,००,१२७ | ० | ४०,००,१२७ | २,२६,७६,००० | ० | २,२६,७६,००० |
| धरौटी | | ० | २०,८३,३३८ | ० | २०,८३,३३८ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७८,४२,७३,५९५.५९ | ५६,१८,१६,१११.२२ | | ५६,१८,१६,१११.२२ | ६६,०५,८०,६७९.९५ | | ६६,०५,८०,६७९.९५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,५८,७३,४६८.५९ | ५५,७९,९२,१४१.२२ | | ५५,७९,९२,१४१.२२ | ६५,१३,२५,६७९.९५ | | ६५,१३,२५,६७९.९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३३,८२,१५,००० | २७,५७,४५,६५३.०२ | ० | २७,५७,४५,६५३.०२ | २९,७२,८०,३९३.०२ | ० | २९,७२,८०,३९३.०२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,८६,३७,९०० | १३,२४,४१,८८०.२० | ० | १३,२४,४१,८८०.२० | १६,३०,८४,१३९.९३ | ० | १६,३०,८४,१३९.९३ |
| २५००० सहायता (क्गदकष्म थ० | १८ | १,५७,२४,००० | १,२७,११,४८३ | ० | १,२७,११,४८३ | १,४९,३९,९३५ | ० | १,४९,३९,९३५ |
| २६००० अनुदान | १८ | ७१,००,००० | ७१,००,००० | ० | ७१,००,००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,८२,६९,१०० | १,०३,७७,७८५ | ० | १,०३,७७,७८५ | २,२०,६९,०८३ | ० | २,२०,६९,०८३ |
| २८००० अन्य खर्च | १८ | १,८१,८२,६१५.३० | १५,९१,३०० | ० | १५,९१,३०० | ६०,७१,४८८ | ० | ६०,७१,४८८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,९७,४४,८५३.२९ | ११,८०,२४,०४० | ० | ११,८०,२४,०४० | १४,७८,८०,६४१ | ० | १४,७८,८०,६४१ |
| घ. अन्य भूक्तानी | | ८४,००,१२७ | ३८,२३,९७० | | ३८,२३,९७० | ६६,०५,८०,६७९.९५ | | ६६,०५,८०,६७९.९५ |
| कोषहरु | | ८४,००,१२७ | २४,९०,५८७ | ० | २४,९०,५८७ | ९२,५५,००० | ० | ९२,५५,००० |
| धरौटी | | ० | १३,४३,८१४ | ० | १३,४३,८१४ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | .१०,४३१ | | .१०,४३१ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (५,३०,३५,४६८.५९) | ११,०६,२८,८०८.९० | | ११,०६,२८,८०८.९० | ३,६२,९२,१०१.४० | | ३,६२,९२,१०१.४० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,४५,४४,५९७.५९ | | ५,४५,४४,५९७.५९ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,३०,३५,४६८.५९) | १६,५१,७३,४०६.४९ | | १६,५१,७३,४०६.४९ | ३,६२,९२,१०१.४० | | ३,६२,९२,१०१.४० |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६,५१,७३,४०६.४९ | | १६,५१,७३,४०६.४९ | ६,३०,४३,२९८.७० | | ६,३०,४३,२९८.७० |
| | | | | | | | | |
| लेखाप्रमूख | | | कार्यकारी अधिकृत | | | महालेखापरीक्षकको कार्यालय | | |
| पालिकाबाट प्रमाणिकरण मितिः | | | | | | | | |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

| सि.नं. | विवरण | बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा सरक्षण | | १५५९५८७९९. | १५५९५८७९९. | ०. |

३

**लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा २०७९|५|२८ मा सशर्त अनुदान फिर्ता गर्न वांकी अनुदान रु ४४३६५४९६। मध्ये रु. ३५६५०७४६। मिति ०७९/६/५ मा फिर्ता गरेको रु ८७१४७५०।, अन्य रकम आन्नुतरिक आय रु ७८२४३९।३५ र कर तथा बढी भुक्तानी रु ६८४७१२। समेत रु १४६७१५१। असुली र दाखिला भई कूलजम्मा रु ४५८३२६४७। असुली भई दाखिला भएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| ६ | | | **बैंक मौज्दात फरक परेको**<br><br>कार्यालयले पेश गरेको २०७८/७९ को सूत्रबाट निकालिएको वित्तीय प्रतिवेदन २७२ स्थानीय संचितकोषमा यो बर्षको बचत रु ११०६२८८०८।९० र गत बर्षको बचत रु ५४५४४५९७।५९ गरी जम्मा बचत रु १६५१७३४०६।४९ देखाएको छ । सो मौज्दात मध्ये संघीय र प्रदेशको सशर्त अनुदान फिर्ता गर्न वांकी रु ४४३६५४९६। मिति २०७९/६/५ सम्म फिर्ता गरी रु १२०८०७९१०।४९ बांकी देखिन्छ । एकीकृत आय व्ययमा मौज्दात बांकी रु ६४५२९५१९।१९ देखाएको छ । मौज्दात फरक परेको रु ५६२७८३९१।३० को सम्बन्धमा कार्यालयले मौज्दात यकिन गर्नुपर्ने देखिन्छ । | |
| ७ | | | **न्याय सम्पादन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र | |

| | | | | |
|---|---|---|---|---|
| | | | टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ भएको र यो बर्ष थप भएको ७ समेत ८ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **खर्च विश्लेषण**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६४३१३६६१। राजस्व बाँडफाँड र अनुदानबाट रु -६६८८३०६२१। अन्य आयबाट रु १५८०४२१३९। समेत रु ८९१११८६४२१। आम्दानी भएकोमा चालुतर्फ रु ५१५८२७३३०। र पुँजीगततर्फ रु १५१०३६३७१। र वित्तीय ब्यबस्थातर्फ रु १५९७९३२००। समेत रु ८२६६५६९०२। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.७७% प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १८५१९५००। खर्च भएको छ जुन आन्तरिक आयको २८.८०% प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.९०% प्रतिशत चालुमा ६२.३९% प्रतिशत र पुँजीगत निर्माणमा १८.२७% खर्च भएको देखिन्छ । | |
| ९ | | | **लक्ष्य प्रगतिको स्थिति**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रीय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची - २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकिदिए अनुसारको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><td>११</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री विमला देवी बुढथापाले मिति २०७८। ३।१० गते रु ७४ करोड ०३ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/४/०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्च<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><td rowspan="2">सि. नं.</td><td rowspan="2">पुँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td></tr>
<tr><td>१</td><td>पूँजीगत खर्च न.पा</td><td>६४५०१८२९</td><td>९०००००</td><td>६५९३०५०</td><td>५७००८७७९</td><td>४४७१८५९०</td></tr>
<tr><td>२</td><td>संघीय हस्तान्तरित पूँजीगत</td><td>८६५३४५४२</td><td>१९९८००</td><td>२८३३००६</td><td>८३५०१७३६</td><td>८२२३८१९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>१५१०३६३७१</td><td>१०९९८००</td><td>९४२६०५६</td><td>१४०५१०५१५</td><td>१२६९७८४</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>०.७२%</td><td>६.२८%</td><td>९३.००%</td><td>८४.००%</td></tr>
</table>
पालिकाले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ०.७२% द्रोस्रो चौमासिकमा ६.२४% तेस्रो चौमासिकमा ९३% प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूंजीगत खर्चको ८४ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकाश निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
बजेट सीमा निर्धारण समिति
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म लेखा अधिकृत सहित ४७ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । साथै ७ जना दरवन्दी भन्दा बढी समेत १०० जना करारमा राखेको पाइयो । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध खर्चतर्फ मात्र रु २०११३७१। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.१०३००००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १७ | | | **सम्पत्ति हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **वित्तीय व्यवस्था**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.७२७७६९५। ले फरक देखिएको छ ।<br>• कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरे तापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन। जस्तै नगरपालिकाको एकीकृत आयव्यय विवरण सूत्र प्रणालीबाट तयार हुने गरेको छैन । संचितकोष खाताको मर्म अनुसार समयमै श्रोतगतरुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | • |
| १९ | | | **आन्तरिक नियन्त्रण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।<br><br>• कार्यालयको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाइयो ।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्‌देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br><br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६६ जनाको दरबन्दी रहेकोमा दरबन्दी रिक्त रहेको पाइयो | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br><br>• निजामती सेवा ऐन ३०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २० | | | **सार्वजनिक लेखापरीक्षण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा नगरपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । साथै नियम ९७ (७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |

<table>
<tr>
<td>२१</td>
<td></td>
<td></td>
<td>

**कानून र संचालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, ६ वटा नियमावली, २२ कार्यविधि समेत ५४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

</td>
<td></td>
</tr>
<tr>
<td>२२</td>
<td></td>
<td></td>
<td>

**बैक हिसाव मिलान विवरण**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिकरुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता अनुसार वांकी रु ६४५२९५१९।१९ देखिएकोमा बैक अनुसार वांकी रु ७१८०७२१४।१९ देखिएकोले रु ७२७७६९५। बढी देखिएकोले बैक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

<table>
<tr><td>सि.नं.</td><td>खाताको नाम</td><td>खाता अनुसार बाँकी</td><td>बैंक अनुसार बाँकी</td><td>फरक</td></tr>
<tr><td>१</td><td>ग.२.१ चालु खर्च खाता विजोर वर्ष</td><td>३१२५७०४५.१२</td><td>३२३०८५१९.१२</td><td>२७८९४५२६</td></tr>
<tr><td>२</td><td>ग.२.३ पुँजीगत खर्च खाता विजोर वर्ष</td><td>१०६९५८०२.२२</td><td>१६२३५३२०.२२</td><td>५५३९५१८</td></tr>
<tr><td>३</td><td>ग.३.१ स्थानीय तह धरौटी खाता</td><td>२२४८६५३</td><td>२९२४३५६</td><td>६७५७०३</td></tr>
<tr><td>४</td><td>ग.४.१ स्थानीय तह संचितकोष खाता</td><td>१८२२४६५२.८५</td><td>१८२२४६५२.८५</td><td>०</td></tr>
<tr><td>५</td><td>ग.५.१ स्थानीय तह विविधकोष खाता</td><td>५९८२६</td><td>५९८२६</td><td>०</td></tr>
</table>

</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६ | ग.७.२ स्थानीयतह प्रकोप व्वस्थापनकोष खाता | १५०९५४० | १५२०५४० | १४६०७१४ |
| | जम्मा | ६४५२९५१९.१९ | ७१८०७२१४.१९ | ७२७७६९५ |

२३

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९९०५००० | २२५७४५५८ | ४.०४ |
| २ | सामाजिक विकास | ४९६११६००० | ३८३२७८९२६.२ | ६८.६९ |
| ३ | पूर्वाधार विकास | ७३०९७४०१ | ४७४२७३९१ | ८.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९०५६१०० | २६५०९८५४ | ४.७५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३७६९८९६७.५९ | ७८२०१४१२.०२ | १४.०२ |
| कुल जम्मा | | ७७५८७३४६९ | ५५७९९२१४१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६८.६९ प्रतिशत, पूर्वाधार विकासमा ८.५०, कार्यालय संचालन तथा प्रशासनिकमा १४.०२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा ४.७५ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ४.०४ प्रतिशत मात्र खर्च रहेको देखियो । अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **अनुदान फिर्ता** | |

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सूत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा संघीय, प्रदेश र समपूरक अनुदान रु ४६७५७२०००। प्राप्त गरेकोमा खर्च रु ४३८६६१४७३। भई रु ३५८०४०८१। बांकी रहेकोमा रु ३५६५०७४६। मिति २०७९।५।२८ मा बेरुजु खातामा फिर्ता दाखिला गरेको भौचर पेश भएको र बाँकी नपुग रकम २०७९।६।५ मा रु १५३३३५। फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | ४३८२७२००० | ४१९७५९७२६ | १८५१२२७४ |
| | विषेश | १६१००००० | १५४५४९७० | ६४५०३० |
| | समपूरक | ४२००००० | ३४४६७७७ | ७६४६७७७ |
| प्रदेश सरकार | सशर्त | ० | ० | ० |
| | विषेश | ५०००००० | ० | ५०००००० |
| | समपूरक | ४०००००० | ० | ४०००००० |
| | जम्मा | ४६७५७२००० | ४३८६६१४७३ | ३५८०४०८१ |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलव भत्ता** | ६,१२१,२०० |

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका ३० विद्यालय तथा शिक्षकलाई जम्मा

<table>
<tr><td></td><td></td><td></td><td>रु २५०००००। र बयलपाटा अस्पताललाई रु ३६२१२००/- गरी जम्मा रु ६१२१२००/- वित्तीय समानीकरण अनुदानबाट शिक्षकको र अस्पतालको कर्मचारीहरुको तलब भत्ता भुक्तानी गरेको नियम संगत नदेखिएको रु</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>योजना हस्तान्तरण<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात आयोजनाको स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१८५१९५००। सुविधा वापत भुक्तानी भएको छ ।<br><br>
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख</th><th>उपप्रमुख</th><th>वडाअध्यक्ष १४ जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ४९ जना</th><th>जम्मा</th></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>८४०००</td><td>७२०००</td><td>६७२०००</td><td>३३६०००</td><td>१४७००००</td><td>२६३४०००</td></tr>
<tr><td>४</td><td>पुस्तक, पत्रिका, ईन्टरनेट</td><td>७८०००</td><td>६००००</td><td>६७२०००</td><td>३३६०००</td><td>११७६०००</td><td>२३२२०००</td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>१२००००</td><td>१०८०००</td><td>१०९२०००</td><td>५७६०००</td><td>२३५२०००</td><td>४२४८०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>१३२०००</td><td>१२००००</td><td>१३४४०००</td><td>0</td><td>0</td><td>१५९६०००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानी/बिजुली/सरसफाई | ४८००० | ४२००० | ४२००० | २४०००० | ५८८००० | ९६०००० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | ३०२४००० | ९६०००० | ३९२००० | ४४२८५०० |
| ९ | यातायात खर्च | ० | ० | ० | ९६००० | ४९००० | १५००० |
| | जम्मा | ५१३५०० | ४५१००० | ७५१८००० | २७३६००० | ७३०१००० | १८५१९५०० |

२८

**सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार हालसम्म १७ वटा ऐन, ६ वटा नियमावली, २२ कार्यविधि समेत ५४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १९४३ |
| मृत्युदर्ता | ३५९ |
| बसाईसराई दर्ता | १७० |
| विवाह दर्ता | ३०३ |
| सम्बन्धविच्छेद दर्ता | २ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जीकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>२९</td>
<td></td>
<td></td>
<td>स्थानीय तथ्याङ्क अभिलेख तथा श्रोत नक्साङ्कन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३०</td>
<td></td>
<td></td>
<td>औषधि खरिद<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु ३६८०००७/- का औषधि तथा सामग्री सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको</td>
<td>•</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | व्यहोराहरु निम्नानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधि एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>यस कार्यक्रमको लागि बजेट रु २००११०००/- ब्यवस्था भई रु १८८१०१८७। खर्च गरी रु १२००८१३। बांकी रहेको देखिन्छ । जस मध्ये नेपाल सरकारबाट श्रमिकको ज्यालामा रु १३२६४२७१। र आई डि ए बाट रु ३६४५४८६। गरी रु १६९०९७५७ /- खर्च भएको देखियो । उक्त कामलाई प्राविधिकले मूल्याङ्कन गरी कार्यसम्पन्नको आधारमा भुक्तानी गरिएको छ । बांकी खर्च रु १९००४३०। अन्य प्रशासनिक खर्च भई कुल खर्च रु १८८१०१८७। भई ६६ जनाले औषतमा ९५.७२ दिनको रोजगारी पाएको विवरण पेश भएको छ । | |
| ३२ | | | **सेनिटरी प्याड**<br><br>भौ नं ११० मिति २०७९/३/६ सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड नि:शुल्क उपलब्ध गराउन कोटेशन माध्यमबाट छनौट गरी दिदी बहिनी जैविक प्याड उद्योगबाट प्रति प्याड रु १०६ (मू.अ.कर बाहेक ) का दरले ७०९६ प्याकेटको ढुवानी समेत रु ८४९९५८। (मूअकर समेत) भुक्तानी गरिएको छ । भौ नं १०८/०७९/३/६ एन्जिला ट्रेड एण्ड सप्लायर्स अछामबाट १७१४६ पकेट प्रति इकाई दर रु ८०। मू.अ.कर सहित रु १५४९९९८/४० गरी | • |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा रु २३९९९५६/४० मा खरिद गरी मौज्दातमा राखेको छ । माग अनुसार विद्यालयमा पठाइने कार्यालयले जनाएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br><br>• कार्यालयले जैविक प्याडको अधिकतम खरिद मूल्य औषतमा रु ९३।(मूअकर वाहेक) का दरले ८८४२ प्याकेटको रु. २३९९९५६/- लागत अनुमान तयार गरेकोमा सोको कुनै आधार खुलाएको छैन । सार्वजनिक खरिद ऐन नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले ऐन नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ ।<br>• कार्यालयले वर्षभरि विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ ६ मा खरिद गरेकोले लक्षित उद्देश्य पूरा हुने देखिएन । | |
| ३३ | | | **निर्माण कार्यको गुणस्तर**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ३४ | | | **वीमा गराउनुपर्ने**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बीमाको व्यवस्था भए तापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन् । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको वीमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **जिन्सी निरीक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |
| ३६ | | | **जिन्सी एकीकृत नभएको**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउंपालिका समग्रमा एक कार्यालय भएकोले यस भित्रका गाउंपालिका, नगरपालिका भित्रका १४ वडा कार्यालय , शिक्षा,स्वास्थ्य , कृषि र पशु जस्ता इकाइ समेतको एउटै जिन्सी खातामा खर्च हुने र नहुने मालसमानको एकिकृत जिन्सी विबरण राखी अध्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले गाउंपालिका कार्यालयको छुट्टै जिन्सी खाता र अन्य विषयगत निकाय र वडा कार्यालयहरुको छुट्टा छुट्टै अभिलेख राखेको देखिएकोले एकिकृत जिन्सीखाता तयार गरी अध्यावधिक राख्नु पर्दछ। | |
| ३७ | १८ | २०७८-१०-९ | **जिन्सी दाखिला नभएको**<br><br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले सेलिना फर्निचर उद्योग अछामको विल नं १९/०७८/९/२२ बाट खरिद रु ४५२००/- जिन्सी दाखिला नगरी भुक्तानी भएको देखिएकोले जिन्सी दाखिला पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु | ४५,२०० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष फिल्ड भत्ता वापत १६ जना प्राविधिक कर्मचारीहरुलाई रु १०९२०००/-खर्च गरेको पाइयो।पालिकाको आम्दानी बमोजिम खर्च गर्नु पर्दछ । | |
| ३९ | | | **प्रकोप व्यवस्थापन कोष**<br><br>पालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व.२०७८।७९ को आषाढ मसान्तसम्म प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट समेत रु.४०,००,१२७।- आम्दानी भएकोमा प्रकोप व्यवस्थापन कार्यमा रु.२४,९०,५८७।- खर्च भई रु.१५,०९,५४०।- बाँकी रहेको पाइयो । | |
| ४० | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। नगरपालिकाले पेश गरेको आय/व्ययको अनुमान रु २४८०००००। आयतर्फ रु ९१७५१११।७० भएको छ ।आय अनुमानको तुलनामा बास्तविक आय ३६.९९% कम देखिएकोले अनुमान | |

Table in item ३९:

| **आय** | **रकम** | **व्यय** | **रकम** |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | १२७ | यसवर्षको खर्च | २४९०५८७ |
| यस वर्षको आय | ४०००००० | बैक मौज्दात | १५०९५४० |
| **जम्मा** | **४०००१२७** | **जम्मा** | **४०००१२७** |

<table>
<tr><td></td><td></td><td></td><td>यथार्थपरक भएन । आर्थिक बर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br><table><tr><td>केन्द्रीय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>६६६८६३७०१</td><td>९१७५१११.७</td><td>१.३७%</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.३७% प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्द आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कर चुक्ता वेगर धरौटी फिर्ता<br><br>भौ नं १४ मिति २०७९/३/३१ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली 2077 को नियम 6६ अनुसार धरौटी राखेको रकम काम समाप्त भए पछि प्रमाण सहित धरौटी माग्न आएमा फिर्ता दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले श्री जाल्पादेवी निर्माण सेवालाई रु १६५५००/- धरौटी फिर्ता गरेकोमा सम्बन्धीत व्यक्ति वा संस्थाको निवेदन, कार्यालयमा दर्ता, फिर्ता गर्ने आदेश, जम्मा गरेको प्रमाण, कर चुक्ता प्रमाण वेगर धरौटी फिर्ता गरेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>१६५,५००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>धरौटी खाता<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ६४ मा कार्यालयले आप्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको रकम आम्दानी तथा खर्च गर्दा गोश्वरा तथा व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटीको आर्थिक विवरणमा गत बर्षको जिम्मेवारी रु १५०९१२९। यस बर्षको आय रु २०८३३३८। जम्मा रु ३५९२४६४। खर्च रु १३४३८१४। भई बांकी रु २२४८६५३। म्याद नाघेका फिर्ता गर्न नपर्ने धरौटी रकम छानविन गरी फिर्ता गर्न नपर्ने पुराना धरौटी रकम राजस्व सदरस्याहा गर्नुपर्ने देखिन्छ । साथै जम्मा धरौटी मध्ये रु ८३३६११। को नाम नामेसी विवरण पेश नभएकोले छानविन गरी नाम नामेसी विवरण खुलाउनु पर्दछ । फिर्ता गर्न नपर्ने धैरै पुराना धरौटी भए छानविन गरी आम्दानी</td><td>१,२२३,७४१</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने देखिएको रु | |
| ४३ | | | **डोजर भाडा**<br><br>नगरपालिकामा रहेको डोजर भाडामा लगाए बापत प्राप्त हुने आयलाई नगरपालिकाले डोजरको भाडा भनेर शिर्षक उल्लेख गरेर आयमा आम्दानी गरेको छैन । कतिपय उपभोक्ता समितिले डोजर भाडामा लगेको समयको भाडा रकम निजहरुको बिलबाट कट्टा गरेको तर राजश्वमा आम्दानी गरेको छैन । जसबाट नगरपालिकाको आय यकिन गर्न सकिने अवस्था छैन । | |
| ४४ | | | **नदीजन्य पदार्थको ठेक्का**<br><br>नगरपालिकाको कार्यक्षेत्र भित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने गरी रु.३०००,०००\|०० (मू.अ.कर बाहेक) लागत अनुमान भएको सूचना आह्ववान गरेकोमा रु. ३०,०१,०००\|०० (मू.अ.कर बाहेक) मा एस एच कन्ट्रक्सनसंग २०७८\|९\|९ मा सम्झौता भएको छ । उक्त ठेक्का व्यवस्थापनमा सम्झौता बमोजिम मू.अ.कर सहित रु.३३९११३०\| बुझाउनुपर्नेमा २०७८\|९\|८ मा रु. ११३०५००\| र २०७९\|०३\|२४ मा रु ११,९८,०००\| बुझाएको छ भने करसहित बुझाउन बाँकी रु. १०,६२,६३०\| रकम अर्थात मू.अ.कर बाहेक रु ९,४०,३८१\| असुल गरी संचितकोष जम्मा गर्नुपर्ने रु. | ९४०,३८१ |
| ४५ | | | **सक्कल बिजक वेगर भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाइ सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले भौ नं ४९/मिति ०७९/३/२४ बाट रिभर एडभरटाइजिङ्ग सर्भिस विल नं २११/०७८/१२/२८ मूल्य अभिबृद्धि सहित रु ६८६७५/- भुक्तानी गरेको विजक पेश गरेको नदेखिएकोले विल भरपाई वेगरको रकम विल पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु | ६८,६७५ |
| ४६ | | | **नपाउने लुगा भत्ता**<br><br>भुक्तानी भौ नं ५९९ मिति २०७८/१२/५ सुदुर पश्चिम प्रदेश पदाधिकारी सम्बन्धी ऐन २०७५ मा पदाधिकारीले पोशाक खर्च पाउने व्यवस्था गरेको छैन । कर्मचारीको हकमा हरेक बर्ष चैत्र महिनामा भुक्तानी हुने व्यवस्था रहेको छ । कार्यालयले वडा नं १४ का वडा देहायका पदाधिकारी तथा कर्मचारीलाई नपाउने रकम तथा दोहोरो भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु | ८०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं र मिति</td><td>पदाधिकारी तथा कर्मचारीको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>५९९/२०७८/१२/५</td><td>१४ नं वडा सचिव शम्भु महतो</td><td>२००००</td><td>दोहोरो भुक्तानी</td></tr>
<tr><td>५९९/२०७८/१२/५</td><td>१४ नं वडा अध्यक्ष कर्ण बहादुर साउद</td><td>२००००</td><td>नपाउने भुक्तानी</td></tr>
<tr><td>५९९/२०७८/१२/५</td><td>१४ नं वडा सदस्य श्री सीता वि.क</td><td>२००००</td><td>नपाउने भुक्तानी</td></tr>
<tr><td>५९९/२०७८/१२/५</td><td>१४ नं वडा सदस्य श्री कृष्ण वोहरा</td><td>२००००</td><td>नपाउने भुक्तानी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
भ्रमण अवधिमा स्थानीय भत्ता<br><br>
भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ । कार्यालयबाट विभिन्न समयमा कर्मचारीहरुको भ्रमण गर्दा भ्रमण भत्ता भुक्तानीमा स्थानीय भत्ता कट्टा गरेको पाइएन । तसर्थ नियममा व्यवस्था भए बमोजिम गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १२ बमोजिम पेश्की दिएको रकम म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार म्याद नाघेको पेश्की रकम रु १०७५९५९। नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.<br><br>
<table>
<tr><td>पेश्की लिनेको नाम</td><td>प्रयोजन</td><td>म्याद भित्रको</td><td>म्याद नाघेको</td><td>जम्मा</td></tr>
</table>
</td><td>१,०७५,९५९</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| लहिर कन्स्ट्रकसन | १५/०७८/११/२६ वडा न १ बैद्यनाथ कार्यालय भवन निर्माण पेश्की | ० | ९७५९५९ | ९७५९५९ |
| शारदा बोगटी | नगरपालिका चालु तर्फको पेश्की | ० | ५०००० | ५०००० |
| ब्ल्याक एन्जल युवा क्ल्व | नगरपालिका चालु तर्फको पेश्की | ० | ५०००० | ५०००० |
| | जम्मा | ० | १०७५९५९ | १०७५९५९ |

४९

**कार्य सम्पन्न प्रतिवेदन पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भौ नं र मितिबाट भुक्तानी गरेको निर्माण व्यवसायीले प्रोभिजनल सम आइटमको विजक पेश गरेको नदेखिएकोले प्रोभिजनल सम आइटमतर्फको विल भरपाई वेगरको रकम विल पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

| भौ नं र मिति | निर्माण व्यवसायी | कामको विवरण | सम्झौता रकम |
|---|---|---|---|
| ४९१/०७९/३/२५ | बर्दा देवी निर्माण सेवा | सुदुर लक्षित प्राविधिक शिक्षालयको भवन निर्माण कार्यसम्पन्न पेश नभएको | ६३७९१९८ |
| ४९३/०७९/३/२५ | बर्दा देवी निर्माण सेवा | वडा नं १ खेल मैदान निर्माण | २६३७११५ |
| ४९५/०७९/३/२५ | बर्दा देवी निर्माण सेवा | रिडीकोट खेल मैदान निर्माण | २६२५७०१ |
| ४९७/०७९/३/२५ | धर्मा एण्ड सन निर्माण सेवा | जनता बहुमुखी क्याम्पस भवन निर्माण | २५८८११९ |
| ४९९/०७९/३/२५ | वर्षा निर्माण सेवा | शहरी स्वास्थ्य किल्निक भवन निर्माण | ८२६२४० |

१६,०४०,८६०

| | | | |
|---|---|---|---|
| ५०१/०७९/३/२५ | वर्षा निर्माण सेवा | त्रिपुरा सुन्दरी अधुरो भवन निर्माण | ९८४४८७ |
| | जम्मा | | १६०४०८६० |

५० | ११,०५१,३२२.३१

**बीजक वेगर बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाइ सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भौ नं र मितिबाट भुक्तानी गरेको निर्माण व्यवसायीले विजक पेश गरेको नदेखिएकोले विल भरपाई वेगरको रकम विल पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

| भौ नं र मिति | व्यवसायीको नाम /कामको विरण | भुक्तानी रकम | बिल रकम | बढी रकम |
|---|---|---|---|---|
| ४९५/०७९/३/२५ | बर्दादेवी निर्माण सेवा रिडीकोट खेल मैदान निर्माण कार्य | २६२५७०१ | १६५८७१५.७ | ९३६९८५.३ |
| ९८/०७९/३/२६ | लहिर कन्स्ट्रक्सन/ वडा नं १ वैद्यनाथ कार्यालय भवन | ५५६२९७० | २०९०३२६.०९ | ३४७२६४३.९१ |
| ९३/०७९/३/२६ | लहिर कन्स्ट्रक्सन / प्रभाधम्कोट मा.वि छात्रावास भवन | ४२६२११६ | २६२२४६८.३६ | १६३९६४७.६४ |
| ९५/०७९/३/२६ | लहिर कन्स्ट्रक्सन/ वडा नं १ वैद्यनाथ कार्यालय भवन | ६०४५०७५ | २०२७५१६.२४ | ४०१७५५८.७६ |
| ५०१/०७९/३/२५ | बर्दादेवी निर्माण सेवा त्रिपुरा सुन्दरी क्याम्पस अधुरो निर्माण कार्य | ९८४४८७ | ० | ९८४४८७ |
| | जम्मा | | | ११०५१३२२.३१ |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा कुनै पनि कामको प्राविधक मूल्याङ्कन गरी कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायका कामको भुक्तानी गर्दा काम भएको प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी गरेको देखिएकोले प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु | ३,०२८,९९४ |

| भौ .नं र मिति | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १७८/०७८/१२/२५ | वडा नं १० कार्यालयले विभिन्न साइजका पाइप खरिद गरेको | १७८९९४ |
| १९७/०७९/२/१९ | वडा नं ४ ले न्यु शैलेश्वरी सप्लायर्सको विल नं २५८/०७९/१/९ बाट विभिन्न साइजका पाइप खरिद | २१०००० |
| २२४/०७९/३/२५ | बुढाकोट ऐसडा विद्तीकरण लागि नगरपालिकाबाट १२०००००/- र १ नं वडाबाट रु २५००००/- रु १४५००००/- नेपाल विद्युत प्राधिकारणलाई भुक्तानी गरेकोमा काम सम्पन्न गरेको प्राविधक प्रतिवेदन पेश नभएको | १४५०००० |
| ४७३/०७९/३/२५ | वडा नं ड कार्यालयले विभिन्न साइजका ३१५० मिटर पाइप खरिद गरी प्राविधिक मूल्याङ्कन तथा हस्तान्तरण प्रमाण वेगर खर्च भुक्तानी | २३०००० |
| | संघीय हस्तान्तरीत पुंजिगत | |
| ७५/०७९/३/२५ | संग्रामतोली खापर माणु देखि घुघुरकोट मा.वि सडक निर्माण उपभोक्ता समिति | ९६०००० |
| | जम्मा | ३०२८९९४ |